**सुरुमा यस बुलेटिनका प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुका अनुसार भारतले मानव अधिकारको रक्षा मात्र गर्दैन, त्यसको सम्मान पनि गर्‌दछ

२. लोकसभामा चुनावी सुधारबारे छलफल पुनः सुरु

३. युनेस्कोको मानवताको अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधि सूचीमा दिपावली पर्वलाई सूचीबद्ध

४. लिभरपुलमा २०२५ को **विश्व बक्सिङ च्याम्पियनसिप** जित्ने भारतीय महिला बक्सरहरूलाई राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुभयो भेट

५. अनि चेन्नईमा भएको स्क्वास विश्वकपमा भारत आफ्नो पहिलो पूल बी खेलमा स्विट्जरल्याण्डलाई पराजित गर्न सफल

**अब समाचार विस्तारमा**

1. Prez Human Rights Day

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ, भारत यस्तो राष्ट्र बन्न प्रतिबद्ध छ, जहाँ मानव अधिकारको संरक्षण मात्र नभई सम्मान पनि गरिन्छ। नयाँ दिल्लीमा मानव अधिकार दिवस २०२५ सम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपतिले मर्यादालाई सम्झौता गर्न नसकिने र कसैलाई पनि आफ्नो अधिकारबाट वञ्चित गरिन नहुने बताउनुभयो।
राष्ट्रपतिले मानव अधिकारको विश्वव्यापी ढाँचा निर्माणमा भारतले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

यसअघि, समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीका प्रमुख सचिव डा. पी.के. मिश्राले भविष्यमा भारत प्रत्येक नागरिकले कुशल संस्था र दयालु शासन मार्फत सम्मानजनक जीवन बिताउन सक्ने राष्ट्र बन्ने बताउनुभयो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा यसै दिन अपनाइएको थियो।

2. LS Election Discussion

लोकसभामा चुनावी सुधारहरूमा छलफल पुनः सुरु भएको छ। बहसमा भाग लिँदै केन्द्रीय गृहमन्त्री अमित शाहले संविधानले निर्वाचन आयोगलाई मतदाता नामावली तयार गर्ने ग्यारेन्टी दिएको र विशेष गहन संशोधन (SIR) निर्वाचन आयोगको जिम्मेवारी हो भन्नुभयो। आज लोकसभामा निर्वाचन सुधारमाथि छलफलको क्रममा SIR माथि विपक्षीको आरोपको खण्डन गर्दै श्री शाहले भन्नुभयो....

कांग्रेस नेता केसी वेणुगोपालले मतदानको अधिकार लोकतन्त्रको आधारभूत सिद्धान्त भएको बताउनुभयो । उहाँले निर्वाचन आयोग पक्षपाती बन्दै गएको आरोप लगाउनुभयो। भाजपा नेता रविशंकर प्रसादले भन्नुभयो, जब विपक्षी हार्छ, तब यसले चुनावी प्रक्रियामाथि प्रश्न उठाउँछ।

3. RS – Bande Mataram

राज्यसभामा राष्ट्रिय गान, **वन्दे मातरमको** १५० औं वार्षिकोत्सवबारे आज पनि छलफल जारी रह्यो। गृहमन्त्री अमित शाहले हिजो वन्दे मातरम्को बारेमा छलफल सुरु गर्नुभएको थियो। छलफलमा भाग लिँदै कांग्रेस पार्टीका जयराम रमेशले **वन्दे मातरमको** बारेमा छलफल जवाहरलाल नेहरूलाई बदनाम गर्ने उद्देश्यले गरिएको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, कांग्रेस पार्टीको हरेक सत्रमा राष्ट्रिय गान गाइने गरिन्छ।

4. LS - Aswini - Women Security

रेलवे मन्त्री अश्विनी वैष्णवले भारतीय रेलवेमा महिला सुरक्षालाई उच्च प्राथमिकता दिइएको बताउनुभएको छ। आज लोकसभामा एक प्रश्नको लिखित जवाफमा, श्री वैष्णवले भन्नुभयो, सरकारले रेलवे प्रहरीसँगको समन्वयमा महिला सुरक्षा सुनिश्चित गर्न धेरै कदम चालेको छ। उहाँले भन्नुभयो, "मेरी सहेली" पहल अन्तर्गत, रेलहरूमा एक्लै यात्रा गर्ने महिलाहरूको सुरक्षामा विशेष ध्यान दिइएको छ। श्री वैष्णवले भन्नुभयो, कोचहरूमा र रेलवे स्टेशनहरूमा सीसीटीभी क्यामेरा जडान गरिएको छ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

5. Gadkari – Hydrogen

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले देश अर्को दशक भित्र हाइड्रोजन ऊर्जा निर्यातकर्ता बन्ने बाटोमा रहेको बताउनुभएको छ । उहाँले भन्नुभयो, हाइड्रोजनले ढुवानी, उड्डयन, उद्योग र स्मार्ट यातायातमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा बोल्दै श्री गडकरीले सरकारले दिल्ली-एनसीआर क्षेत्रमा सडक विकास परियोजनाहरूमा १.५ ट्रिलियन रुपियाँ लगानी गरिरहेको बताउनुभयो।

6. Maharastra – Naxalites Surrender

महाराष्ट्रको गडचिरोलीमा प्रहरी महानिदेशक रश्मी शुक्ला समक्ष एघार नक्सलवादीहरूले आज आत्मसमर्पण गरे। तिनीहरू सबैमाथि कुल ८२ लाख रुपैयाँ बराबरको इनाम राखिएको थियो। उल्लेख्य, गडचिरोली प्रहरी र केन्द्रीय रिजर्भ प्रहरी बलको संयुक्त प्रयासका कारण २०१५ देखि ११२ नक्सलवादीहरूले आत्मसमर्पण गरेका छन्।

7. UNESCO – Dipawali

संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) को मानवताको अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधि सूचीमा भारतको प्रमुख सांस्कृतिक र आध्यात्मिक पर्वहरू मध्ये एक, दीपावलीलाई समावेश गरिएको छ। संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले आज यस्तो घोषणा गर्दै यो प्रत्येक भारतीयको लागि भावनात्मक क्षण हो भन्नुभयो।

8. Nagaland – Hornbill Festival

नागाल्याण्डको प्रसिद्ध हर्नबिल महोत्सव आज साँझ किसामाको नागा हेरिटेज भिलेजको युनिटी प्लाजामा समापन हुनेछ। महोत्सव डिसेम्बर १ मा सुरु भएको हो।

9. Sports News

अब खेल प्रसंगः  लिभरपुलमा २०२५ को **विश्व बक्सिङ च्याम्पियनसिप** जित्ने भारतीय महिला बक्सरहरूले आज राष्ट्रपति द्रौपदी मुर्मुसँग भेट गरे। सामाजिक सञ्जालमा पोस्ट गर्दै राष्ट्रपति मुर्मुले महिला बक्सरहरूले आफ्नो असाधारण प्रदर्शनले देशको गौरव बढाएको बताउनुभएको छ।। जस्मिन र मीनाक्षीले विश्व बक्सिङ च्याम्पियनसिपमा स्वर्ण पदक जितेकी थिइन् भने नुपुरले रजत पदक र पूजा रानीले कांस्य पदक जितेकी थिइन्। पुरुष क्रिकेटमा, भारत र दक्षिण अफ्रिकाले भोलि आफ्नो दोस्रो टी-२० खेल नयाँ चण्डीगढको मुल्लानपुरस्थित महाराजा यादविन्द्र सिंह अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा खेल्नेछन्। खेल भारतीय समय अनुसार साँझ ७ बजे सुरु हुने तालिका छ। कटकको बाराबती रंगशालामा हिजो राति भएको पाँच खेलको टी-२० श्रृङ्खलाको पहिलो खेलमा भारतले दक्षिण अफ्रिकालाई १०१ रनले पराजित गऱ्यो। भारतले **स्क्वास विश्वकपमा** राम्रो सुरुवात गर्दै पूल बी को आफ्नो पहिलो खेलमा स्विट्जरल्याण्डलाई पराजित गऱ्यो। **युवा तथा खेल विकास मन्त्रालयले** जम्मू अनि कश्मिरले खेलकुदको क्षेत्रमा नयाँ छाप छोडेको बताएको छ। हालै आयोजित खेलो इन्डिया राष्ट्रिय खेलकूदमा क्षेत्रलाई प्रतिनिधित्व गर्दै जम्मा ८७ जना खेलाडीहरूले भाग लिएका थिए।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः**

१. राष्ट्रपति द्रौपदी मुर्मुका अनुसार भारतले मानव अधिकारको रक्षा मात्र गर्दैन, त्यसको सम्मान पनि गर्‍दछ

२. लोकसभामा चुनावी सुधारबारे छलफल पुनः सुरु

३. युनेस्कोको मानवताको अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधि सूचीमा दिपावली पर्वलाई सूचीबद्ध

४. लिभरपुलमा २०२५ को **विश्व बक्सिङ च्याम्पियनसिप** जित्ने भारतीय महिला बक्सरहरूलाई राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुभयो भेट

५. अनि चेन्नईमा भएको स्क्वास विश्वकपमा भारत आफ्नो पहिलो पूल बी खेलमा स्विट्जरल्याण्डलाई पराजित गर्न सफल